# जोरायल गाउँपालिका डोटीको

## दोश्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम

(आ.व.२०८१/०८२)

## कार्यक्रम प्रतिवेदन

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

सहजीकरण :
सुदूर खबर अनलाइन मिडिया प्रा.लि.
अत्तरिया, कैलाली

आयोजक :
जोरायल गाउँपालिका
रावतकट्टे, डोटी

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**पृष्ठभूमि :**

सार्वजनिक सुनुवाई सुशासनको लागि एक महत्वपूर्ण औजार मानिन्छ । हरेक स्थानीय सेवा प्रदायक निकायहरुले प्रदान गर्ने सार्वजनिक सेवा सुविधाबारे सेवा प्रदायक संस्था र नागरिकबीच दोहोरो छलफल गरी आम नागरिकलाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शितापूर्वक विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाई गर्ने गरिन्छ । भ्रष्टाचार निवारण, शुसाशन, पारदर्शिता, जवाफदेहिता, दुरदर्शिताका साथै जन सहभागिता गराउन सार्वजनिक सुनुवाईले ठूलो मद्दत पुग्दछ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ । यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) ले स्थानीय तहले सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता विधिहरुको प्रयोग गरि पारदर्शीता कायम गर्नुपर्नेमा जोड दिएको छ भने स्थानीय तहको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ ले स्थानीय तहहरुले आफै कानून बनाई सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ ।

जोरायल गाउँपालिका, डोटीले पनि सार्वजनिक सुनुवाई कार्यविधि, २०७८ तयार गरी कार्यान्वयन गर्दै आएको देखिन्छ । जुन कार्यविधिमा वर्षमा तीन पटक फरक-फरक ठाउँमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । सोही कार्यविधी बमोजिम गाउँपालिकाले दोश्रो चौमासिक अवधीमा सम्पन्न गरेका सबै गतिविधिहरुको सुनुवाई गर्ने र सार्वजनिक सुनुवाईमा आएका कुराहरुलाई लिपीबद्ध गरी सम्बन्धित निकायहरुसम्म पुऱ्याउने एवं कमीकमजोरीहरु सुधारका लागि कार्ययोजना निर्माण गर्न सहयोग पुऱ्याउने उद्धेश्यले मिति २०८१ चैत्र २६ गते जोरायल गाउँपालिका वडा नं. ४ को कार्यालय प्राङ्गणमा सम्पन्न गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा आधारित रही यो प्रतिवेदन तयार पारिएको हो ।

**कार्यक्रमको लक्ष्य :-** सार्वजनिक सुनुवाई कार्यक्रममार्फत जनताका गुनासा तथा जिज्ञासाहरुको उत्तर सम्वन्धित क्षेत्रकै सरोकारवालाहरुबाट दिन लगाउने ।

**कार्यक्रमको उद्धेश्यहरु :-**

१) सार्वजनिक सुनुवाई गरी जनताका समस्याहरुलाई सम्बन्धित निकायमा पुऱ्याउने ।
२) जनताका समस्या, जिज्ञासा र गुनासाहरु समाधान गर्नका लागि सरोकारवाला सेवाप्रदायकका प्रतिनिधिबाट जवाफ दिन लगाउने ।
३) जनताको सेवामा सरोकारवाला निकायलाई जवाफदेही बनाउने ।

**सार्वजनिक सुनुवाई कार्यक्रमका चरणहरु :**

**क) सार्वजनिक सुनुवाई पूर्वको तयारी चरण :**

१. **नागरिक प्रतिवेदन पत्र तयारी :** जोरायल गाउँपालिकामा सेवा लिन आएका व्यक्तिहरुसँग सेवाको गुणस्तर, सेवाप्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि जोरायल गाउँपालिकाका ६ वटै वडामा प्रत्येक वडामा प्रतिनिधिमूलक रुपमा ५/५ जनासँग उनीहरुको घरमै गएर ३० जनासँग नागरिक प्रतिवेदन पत्रको लागि सूचना संकलन गरिएको थियो । जोरायल गाउँपालिका डोटीको सार्वजनिक सुनुवाइ कार्यविधी २०७८ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूचि १ अनुसार सेवाग्राहीहरुले दिएको प्रतिक्रियाका आधारमा नागरिक प्रतिवेदन पत्र तयार गरि सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो ।

पश्चिम नेपालको अनलाईन मिडिया
SudurKhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

कर्मचारीहरु र जनप्रतिनिधिहरु प्रतिका सेवाग्राहीका गुनासाहरु समेत समावेश गरि तयार गरिएको प्रतिवेदनमा सार्वजनिक सुनुवाईका क्रममा सम्वन्धित जवाफदेही वक्ताहरुले आफ्नो प्रतिक्रिया पनि दिएका थिए ।

२. **मिति, समय र स्थान निर्धारण :** यस चरण अन्तरगत सार्वजनिक सुनुवाईका लागि मिति, समय र स्थानको निर्धारण गरि सेवाग्राही तथा सरोकारवालाहरुलाई सार्वजनिक सूचना जारी गरिएको थियो । सार्वजनिक सुनुवाईका लागि सरोकारवाला र सेवाग्राहीहरुलाई पत्राचार, पालिकाको वेवसाइट, सूचना पाटी, आधिकारिक फेसबुक पेज, बडिकेदार एफएममार्फत सूचना प्रकाशन तथा प्रसारण गरी सहभागिताको लागि आमन्त्रण गरिएको थियो । एफएममार्फत प्रसारित सूचनाको लिंकमा क्लिक गरी सुन्न सकिने छ- https://fb.watch/y_NvOCmKAw/

३. **बहिर्गमन मत संकलन :** जोरायल गाउँपालिका, गाउँपालिकाका ६ वटै वडा र विषयगत शाखाहरुमा सेवा लिन आएका व्यक्तिहरुसँग सेवाको गुणस्तर, सेवा प्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि ३० जना व्यक्तिहरुसँग बहिर्गमन मत संकलन गरिएको थियो । जोरायल गाउँपालिका डोटीको सार्वजनिक सुनुवाइ कार्यविधी २०७८ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूचि २ अनुसार बहिर्गमन मतबाट आएको सेवाग्राहीहरुको सन्तुष्टि तहको विषयमा पनि गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरी छलफल गरिएको थियो ।

**ख) कार्यक्रम चरण (सार्वजनिक सुनुवाई सञ्चालन चरण) :**

यस चरणमा जोरायल गाउँपालिका वडा नं. ४ को कार्यालय प्राङ्गणमा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । बिहान १० बजे शुरु गर्ने गरी सूचना प्रकाशन प्रसारण गरिएको भए पनि सेवाग्राहीहरुको ढिलो सहभगिताका कारण कार्यक्रम दिउँसो १:१५ बजे मात्रै शुरु भएको थियो । शुरुवातमा कार्यक्रमको सञ्चालन पत्रकार एवं सहजकर्ता झलक पालीले गर्नुभएको थियो । यसक्रममा गाउँपालिकाको तर्फबाट लेखा शाखाको आयव्यय विवरण प्रस्तुतिकरण अमर बहादुर थापा, योजना/प्रशासन/सूचना प्रविधि/विपद व्यवस्थापन कार्यक्रम समेतको प्रस्तुतिकरण चन्द्र सिं ऐडी, पूर्वाधार विकास शाखाबाट नरेश भट्ट, शिक्षा युवा तथा खेलकुद शाखाबाट तेज बहादुर खत्री, स्वास्थ्य शाखाबाट योगेन्द्र प्रसाद मण्डल, महिला तथा बालबालिका शाखाबाट तुलसी पाण्डे, कृषि विकास शाखाबाट प्रदिप साउँद, पशु सेवा शाखाबाट सुरत वादी, पञ्जिकरण शाखाबाट निर्मल भाट, आयुर्वेद शाखाबाट गोविन्द धानुक, न्यायिक समितिबाट कल्पना कुमारी मडै, रोजगार शाखाबाट डम्बर बोहराले कार्य प्रगति विवरण प्रस्तुत गर्नुभयो । तत्पश्चात कार्यक्रमको सहजीकरण पत्रकार एवं प्रमूख सहजकर्ता रामहरि ओझाले गर्नुभएको थियो । यस चरणमा सेवाग्राही र सेवाप्रदायकबीच खुल्ला छलफल गरिएको थियो । छलफलमा उठेका सवालहरुको सम्वन्धित सरोकारवाला व्यक्तिहरुले जवाफ दिएका थिए । यसका साथै नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको प्रतिवेदन सहजकर्ता एवं पत्रकार झलक पालीले सार्वजनिक गर्नुभएको थियो भने ति प्रतिवेदन माथि पनि खुल्ला छलफल भएको थियो । साथै अघिल्लो सार्वजनिक सुनुवाइमा आएका सुझावहरु कार्यान्वयको अवस्थाबारे पनि छलफल गरिएको थियो ।

पश्चिम नेपालको अनलाइन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**औपचारिक कार्यक्रम सम्बन्धि विवरण**

अध्यक्षता : दुर्गादत्त ओझा (जोरायल गाउँपालिका अध्यक्ष तथा प्रमूख जवाफदेही वक्ता)

आशन ग्रहण (जवाफदेही वक्ताहरु) :

जमुना बोहरा (उपाध्यक्ष)
गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
वडाध्यक्षहरु (वडा नं. १ देखि ६ सम्मका सबै)
कार्यपालिका सदस्यहरु सबै
वडा सदस्यहरु सबै
विभिन्न विषयगत शाखाका प्रमुखहरु
सहभागि सबै

**सुनुवाइ गरिएका विषयवस्तुहरु :**

क) नीति, कार्यक्रम, बजेट र कार्यान्वयनको अवस्था ।
ख) सुशासन
ग) विकास निर्माण
घ) दैनिक प्रशासनिक कार्य
ङ) सेवा प्रवाहको अवस्था
च) लक्षित समुदाय विकास कार्यक्रम
छ) आयआर्जन/सीप विकास कार्यक्रम

**सार्वजनिक सुनुवाई पश्चातको चरण (समिक्षा तथा कार्ययोजना निर्माण चरण) :**

यस चरणमा सार्वजनिक सुनुवाई चरणको समीक्षाका साथै उक्त चरणमा आएका जिज्ञासाहरु, गुनासाहरुलाई सम्वोधन गर्नका लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

**कार्यक्रम आयोजना स्थल :** जोरायल गाउँपालिका वडा नं. ४ को कार्यालय प्राङ्गण ।

**कार्यक्रम आयोजना गरिएको मिति :** वि.सं. २०८१ साल चैत्र २६ गते ।

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** ३ घण्टा १५ मिनेट (दिउँसो १:१५ बजेदेखि बेलुकी ४:३० बजेसम्म ।

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर :**

| प्रश्नकर्ताको नाम | सोधिएको प्रश्न | उत्तरदाताको नाम र पद | दिईएको उत्तर |
|---|---|---|---|
| चन्द्रप्रकाश मल्ल जोरायल गाउँपालिका-१, वडा नं. ३ | १) गाउँपालिकामा बेरुजु किन आउँछ ?<br>२) सडक निर्माणमा दररेट अव्यवहारिक छ। पूरानै दरबाट काम हुनुपर्छ।<br>३) पहिले डोजरले सडक काटे बेरुजु नआउने, अहिले किन बेरुजु आउँछ ? | नरेश भट्ट (इन्जिनियर) | - हरेक आ.व.मा प्रमूख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला दररेट निर्धारण समितिले दररेट तोक्ने गर्दछ। सोहि बमोजिम दररेट लागु गरिन्छ।<br>- उपभोक्ता समितिले आफुले काम गर्ने गरेको पाईंदैन। २० प्रतिशत श्रमदान भएको हुँदैन। जुन अनिवार्य हुनुपर्छ।<br>- उपभोक्ता समितिले गर्ने काममा नियम विपरित डोजरको प्रयोग हुने गरेका कारण बेरुजु आउने गर्दछ। बेरुजु आउने भनेकै प्रक्रिया नपुगेका कारण हो। |
| सहजकर्ता | उपभोक्ता समितिलाई काम, कर्तव्य, अधिकार बारे तालिम सञ्चालन भयो कि भएन ? | नरेश भट्ट (इन्जिनियर) | - उपभोक्ता समितिहरुलाई तालिम त दिइन्छ तर व्यवहारमा लागु नहुने गरेको पाइन्छ। |
| चित्रराज भट्ट नेकपा एमाले जोरायल गाउँपालिका कमिटि अध्यक्ष | १) गाउँपालिकाले प्रगति प्रतिवेदन समग्रमा राख्नुपर्ने र त्यसमा योजना कार्यान्वयनको अवस्था स्पष्ट खाका हुनुपर्छ। | गणेशदत्त भट्ट प्रमूख प्रशासकीय अधिकृत | - सबै शाखाको काम र योजनाको प्रगति शाखागत रुपमा प्रस्तुतीकरणमा स्पष्ट आइसकेको छ। शाखागत आउँदा थप स्पष्ट हुन्छ भनेर एउटै प्रतिवेदन बनाएनौं। |
| | २) वडा नं. २ को छहरा झरना जाने सडकको कालोपत्रे गर्ने काम १ महिनामै कसरी ३५ प्रतिशत सम्पन्न भयो ? | नरेश भट्ट (इन्जिनियर) | - छहरा जाने बाटोको काम २०८१ माघ २६ देखि आजसम्म २ महिनाको अवधिमा ३५ प्रतिशत सम्पन्न भएको छ। काम नियमानुसार भएको छ। यहाँहरुले पनि फिल्डमै कामको अवस्था हेर्न सक्नुहुनेछ। |
| | ३) गाउँपालिकाभित्रका विभिन्न स्वास्थ्य संस्थाहरुमा समयमै औषधी व्यवस्थापन हुन नसकेको देखिएको छ। किन ? | योगेन्द्रप्रसाद मण्डल स्वास्थ्य सह-संयोजक | - संघीय सरकारले औषधी खरिदमा वर्षेनी बजेट घटाउँदै आएको देखिन्छ। साथै बजेट अभाव देखाएर प्रदेश सरकारमार्फत औषधी आपुर्ति गर्न भनेको तर प्रदेशले पनि बजेट अभावको कारण देखाएर स्थानीय सरकारलाई आफैं औषधी आपुर्ती गर्न भनेको अवस्था छ। तर कानुनी हिसाबले पालिकाले औषधी किन्न नमिल्ने अवस्था छ। यद्यपी धेरै ठूलो मात्रामा औषधीको अभाव छ जस्तो पनि लाग्दैन। |
| | ४) पशु सेवा शाखामा संघबाट आउने बजेट शीर्षक किन न्यून राखिएको हुन्छ ? | सुरत वादी ना.प.स्वा.प्रा. | - रोगको खोजी तथा नियन्त्रणको अवस्थाबारे प्रत्येक महिना महिनामा रिपोर्टिङ प्रयोजनको लागि मात्रै आउने हुँदा बजेट शीर्षकमा न्यून देखिएको हो। |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ५) गाउँपालिकाको राजश्व संकलनको लक्ष्य कति हो ? | निर्मल भाट एम.आइ.एस. अपरेटर | - गाउँपालिकाको राजश्व संकलनको लक्ष्य ८० लाख हो । जसमध्ये कतिपय राजश्व स्थानीय स्तरमा संकलन हुन्छ भने केहि राजश्व प्रदेशमा पनि जाने गर्दछ । |
| | ६) एकातिर काम गर्दागर्दै पनि बेरुजु आईरहेको छ भने अर्कोतिर थाहा पाउँदा पाउँदै किन डोजरको प्रयोग भईरहेको छ ? | नरेश भट्ट (इन्जिनियर) | - डोजरको प्रयोग ठेक्का प्रक्रियामा मात्रै लगाउन पाइन्छ । उपभोक्ता समितिले डोजर लगाउन नपाईने व्यवस्था छ । तर काम उपभोक्ता समितिमार्फत प्रयोग गर्ने र मानिसले बाटो खन्न नसकिने देखिएकाले डोजरको प्रयोग रोकिएको छैन । यसमा तपाईं हामी सबै जिम्मेबार बन्न जरुरी छ । |
| सहजकर्ता | १) आर्थिक वर्ष सकिनै लाग्दा पनि आर्थिक तथा भौतिक प्रगति किन हो ? | गणेशदत्त भट्ट प्रमूख प्रशासकीय अधिकृत | - चौमासिक योजना अनुसार कामहरु भैरहेको छ । सम्झौता भैसकेका कतिपय योजनाको काम अहिले पनि जारी छ । ति योजना सम्पन्न हुन बाँकी रहेको र भुक्तानी हुन पनि बाँकी रहेकाले आर्थिक तथा भौतिक प्रगति कम देखिएको हो । |
| करन साउँद जोरायल गा.पा. ६ गावर | १) जोरायल गाउँपालिकामा नीति, नियम निर्माण भएका छन् । तर कार्यान्वयन हुन सकेको देखिदैंन ।<br>२) केहि समय पहिल्यै लागु भएको जोरायल गाउँपालिकाको स्मार्ट पालिकाको सपना कहिले पूरा हुन्छ र अनलाइन डिजिटल प्रविधि प्रयोगमा आउँछ ? | दुर्गादत्त ओझा अध्यक्ष | - हामीले गाउँपालिकाका विभिन्न ऐन, नीति, नियम, कार्यविधी, मापदण्ड निर्माण गरेका छौं । तिनलाई अक्षरस: कार्यान्वयन गर्ने हाम्रो प्रयास रहेको छ । कहाँनेर कार्यान्वयन हुन सकेन ? हामीलाई सुझाव सल्लाह दिनुहोला ।<br>- स्मार्ट पालिकाको एप तयार छ । हरेक व्यक्तिले आ-आफ्नो मोबाइलमा एप खोलेर हेर्न सक्नुहुन्छ । थप तथ्यांक अपडेटका काम भईरहेको छ । विस्तारै सबै काम हुन्छ । |
| | ३) गाउँपालिकामा सरुवा किन एकलौटी गर्ने गरिन्छ ? पालिकामा रहेका विषयगत समितिसँग किन समन्वय हुँदैन ? | तेज बहादुर खत्री शिक्षा अधिकृत | - सरुवा गर्ने अधिकार हामीलाई हुँदैन । सरुवाको कार्यविधि छुट्टै छ । तर हामीलाई भएको पदस्थापन तथा दरबन्दी मिलानको अधिकार अनुसार काम गरिएको छ । समन्वय र सहकार्य निरन्तर हुँदै आएको छ । |
| | | योगेन्द्रप्रसाद मण्डल स्वास्थ्य सह-संयोजक | - जनतालाई सहज तरिकाले स्वास्थ्य सेवा दिने उद्धेश्यले जनशक्ति व्यवस्थापन गरिएको छ । सरुवा भन्दा पनि काज दिएर जनशक्ति खटनपटन गराउने गरिएको छ । |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | ४) पालिकाभित्रका एनजिओ/आइएनजिओको कार्यको कसरी अनुगमन गरिन्छ ? साथै सार्वजनिक सुनुवाईमा एनजिओहरुको किन सहभागिता देखिएन ? | जमुन्ना बोहरा उपाध्यक्ष | - जोरायल गाउँपालिकामा हाल १० वटा एनजिओ/आइएनजिओले काम गरिरहेको अवस्था छ। कानुनतः एनजिओ/आइएनजिओ हेर्ने अधिकार उपाध्यक्षलाई दिईएको छ। त्रैमासिक रुपमा प्रगति पेश गर्ने गरिएको छ। तथापी गाउँपालिकाले थप रणनीति बनाएर लागु गर्नुपर्ने देखिन्छ। सार्वजनिक सुनुवाई उहाँहरु खै किन आउनु भएन ? सार्वजनिक सूचना गरिएको थियो। कार्यक्रममा आउनुपर्ने थियो। |
| सुनलाल थापा | १) दोश्रो चौमासिकको सार्वजनिक सुनुवाइ फाल्गुनमा हुनुपर्ने हो। चैत्रमा किन गरिएको हो ?<br>२) आजको सार्वजनिक सुनुवाई कार्यक्रममा जनप्रतिनिधी र कर्मचारीको संख्या बढी छ तर सेवाग्राहीको संख्या कम छ किन ? | गणेशदत्त भट्ट प्रमूख प्रशासकीय अधिकृत | - दोश्रो चौमासिकको सार्वजनिक सुनुवाईमा फाल्गुन मसान्तसम्मको प्रगति समेटिन्छ। जुन कार्यक्रम चैत्र महिनाको पहिलो सातातिर सम्पन्न गरिसक्नुपर्ने हो। तर जोरायल गाउँपालिकाले ६ वटै वडामा र पालिका स्तरमा समेत आँखा उपचार शिविर तथा शल्यक्रिया शिविर सञ्चालन गरेको यहाँहरुलाई जानकारी नै छ। त्यसपछि तयारी गर्दै जाँदा केहि दिन मात्रै ढिलाई भएको हो।<br>- कार्यक्रममा सेवाग्राही कम सहभागिता भएको भन्ने सन्दर्भमा हामीले सर्वपक्षीय सहभागिताको लागि सार्वजनिक सूचना गाउँपालिकाको वेवसाइट, फेसबुक पेज, एफएममार्फत पनि सहभागिताका लागि आह्वान गरेका थियौं। तर सहभागि सधैं कमै मात्रामा देखिन्छन्। |
| | | झलक पाली सहजिकरण सस्था प्रतिनिधी | - सार्वजनिक सुनुवाई कार्यक्रमका लागि हामीले नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत पत्र संकलनका क्रममा पनि सहभागिताका लागि आह्वान गरेका छौं। गाउँपालिकाले वेवसाइट, फेसबुकपेज, सूचनापाटीमार्फत सर्वपक्षीय सहभागिताको लागि सूचना गरेकै छ। बडिकेदार एफएममा सूचना प्रसारण पनि भएकै छ। तर सेवाग्राहीको सहभागिता प्राय कार्यक्रममा न्यून नै देखिन्छ। चिया खाँदा, चौतारामा बहस गर्दा, सामाजिक सञ्जालमा विरोध गर्नुभन्दा औपचारिक कार्यक्रममा तथ्यमा आलोचना, गुनासा र सुझाव राख्न पाइन्छ। |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | दुर्गादत्त ओझा<br>अध्यक्ष | - सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यक्रममा आएर आफ्ना गुनासा, सुझाव, सल्लाह राखिदिन जोरायल गाउँपालिका सधैं अनुरोध गर्दछ । सकारात्मक सुझाव सल्लाहको सधैं आत्मसाथ गर्नेछौं । कार्यक्रममा आम समुदायको सहभागिताका लागि सबै माध्यमबाट सूचना गरिएकै छ । गाउँ-गाउँमा माइकिङ्ग गर्न मात्रै बाँकी हो । आगामी कार्यक्रममा त्यो गर्नुपर्छ भने पनि तयारै छौं । तर सहभागिले जानकारी नपाएर कार्यक्रममा नआएको जस्तो मलाई लाग्दैन । |
| दुर्गा बोहरा<br>जोरायल<br>गा.पा. ४ | १) व्यक्तिगत रुपमा २० औं वर्षदेखि भोगचलन गर्दै आएको जग्गामा जोरायल गाउँपालिकाले बगर खेती गरेको छ । त्यसबाट हामीले के पाउने ? | चन्द्र बहादुर<br>सार्की<br>ना.प्रा.स. | - जोरायल गाउँपालिकाले आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गरेर, कार्यविधी बनाएर बगर खेती कार्यक्रम अगाडी बढाएको छ । जुन व्यक्तिको जग्गामा बगर खेती गरिएको छ, त्यो जमीनको सम्झौता गरेर लिजमा लिईएको छ । ऐलानी जमिन प्रयोगमा ल्याईएको छैन । नयाँ प्रविधिको प्रयोग गरेर बगर खेतीको शुरुवात भएको छ । यसका धेरै फाइदाहरु पनि छन् । |
| द्रोपती देवी<br>बि.क.<br>जोरायल<br>गा.पा. ४<br>भजना | १) म गएको कार्तिकमा भएको आगलागीबाट पीडित हो । गाउँपालिकाबाट पाउने राहतमा किन ढिलाई भयो ? | अमर बहादुर<br>थापा<br>आ.ले.प. | - आगलागी पीडित परिवारले प्रक्रियागत रुपमा कागजातहरु मिलाउन नसकेका कारण राहत भुक्तानीमा ढिलाई भएको हो । विपद व्यवस्थापन समितिमा ७ हजार दिने भनेर निर्णय त भएको रैछ । तर कार्यपालिकाबाट पनि अनुमोदन गरेर प्रक्रियागत सबै कागजात आउनासाथ भुक्तानी दिइनेछ । |
| स्वास्थ्यकर्मी<br>(लिखित प्रश्न) | १) पहिलो आ.व.सम्म नाइट ड्युटी बस्ने स्वास्थ्यकर्मीहरु-लाई रु.१५० सुविधा दिइन्थ्यो । तर हाल ५० रुपैया मात्रै दिइन्छ र त्यसको पनि बेरुजु आउँछ । किन हो ? | योगेन्द्रप्रसाद<br>मण्डल<br>स्वास्थ्य<br>सह-संयोजक | - पहिले स्थानीय तहका स्थास्थ्यकर्मीलाई डेढ सय खाजा खर्च भनेर आउँथ्यो । तर पछि हटेको यथार्थ हो । पहिले डेढ सयमा पनि १५ प्रतिशत कर काटेर दिइन्थ्यो । हाल रु.५० मा १.५ प्रतिशत मात्रै कर काटियो । जसमा पारिश्रमिक कर काट्नुपर्ने मलेपको सुझाव आएको छ । त्यो बेरुजु पनि स्वास्थ्य सँस्था प्रमूखले तिर्नुपर्ने अवस्था छ । यो विषय निर्णय हुने तर बजेट व्यवस्थापन नहुने गरेकाले पनि समस्या देखिएको छ । |
| सहजकर्ता | १) आजको सार्वजनिक सुनुवाइमा आएका जिज्ञासा बारेमा तपाईंको प्रतिक्रिया के छ ? | नन्दराज भट्ट<br>वडा अध्यक्ष<br>जोरायल<br>गा.पा. ४ | - मलाई खट्किएको विषय बेरुजुको बारे हो । महालेखा परीक्षकको कार्यालयले बेरुजु देखाईदिने भन्दा पनि शुरुमै आएर बेरुजुबारे स्थानीय तहलाई बुझाउनु जरुरी छ । किनभने |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | हिजोको दिनमा जिल्ला विकास हुँदा एउटा सादा कागजको पानामा बनाएको पनि भर्पाइ पास हुने गर्दथ्यो । डोर हाजिर पास हुन्थ्यो । डोजरका तेलका बिल पास हुन्थे । तर आज भ्याट बिल पेश भए पनि बेरुजु आउने कुरामा नियम, कानुन बारे समयमै बुझाउनै पर्छ । वडाको विकासका बारेमा हामी प्रतिबद्ध छौं । |
| | | ध्वज बहादुर देउवा<br>वडा अध्यक्ष<br>जोरायल गा.पा. ५ | - हाम्रो वडा नं. ५ भौगोलिक रुपमा सबैभन्दा विकट छ । हाम्रो वडाको प्रगति कम देखिएको छ । सडकको कठिनाईका कारण भौतिक निर्माणका कामहरुमा केहि ढिलाई भएको अवस्था चाहिं हो । यद्यपी विकासका काममा हामी प्रतिबद्ध नै छौं । |
| | | दुर्गादत्त ओझा<br>अध्यक्ष<br>जोरायल गाउँपालिका | - सबैभन्दा बढी उठ्ने विषय बेरुजुको छ । त्यसमा पनि सडकमा बढी बेरुजु छ । उपभोक्ता समितिबाट काम गर्ने तर डोजर लगाउने अवस्थाले बेरुजु आउने अवस्था छ । नियमले ठेक्का प्रक्रिया अन्तरगत मात्रै डोजर प्रयोग गर्ने भनेको छ । तर ठेक्कामा जाँदा न्यूनतम अंकमा टेन्डर हाल्ने र समयमै काम नगर्ने पनि समस्या छ । जसको उदाहरण बुडर-जोरायल सडक हो । यसकारण उपभोक्ताले हामी आफैं काम गर्छौं भनेर माग गर्छन् । सडक काट्ने, सफाई गर्ने, उदारो काट्ने हाम्रो लागि बाध्यता छ । जनश्रमदान भन्ने कुरा शून्य छ । सबैले मिलेर जनसहभागिता बढाउन जरुरी छ भने नियमत: आगामी वर्षमा केहि परिमार्जन गर्न सकिन्छ भने यसमा हामी सोच्नेछौं । तथापी हामी आगामी आ.व.मा टेन्डर प्रक्रियाबाट काम गर्नेछौं ।<br>- गाउँपालिकाले ५/६ वर्ष पहिले कार्यालय सहयोगी पदमा आवेदन माग गरेको तर हालसम्म भर्ना नगरेको प्रसङ्ग वास्तविक हो । बिचमा जनशक्ति भर्ना गर्न सकिएन । तर अब वडा नं. २ मा कृषि कार्यालयका लागि आवश्यक कार्यालय सहयोगी त्यो बेलाकै आवेदकबाट लिइनेछ ।<br>- एउटा प्रसङ्ग वडा नं. ३ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र भवनको छ । पटक-पटकको आग्रहलाई व्यवास्ता गरिएको छ । ठेकेदार |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | कम्पनीलाई अब कालो सूचिमा राख्ने बारेमा प्रक्रिया अगाडी बढाउनुपर्ने देखिएको छ ।<br>- अर्को प्रसङ्ग जोरायल गाउँपालिका ३ कोटेली स्थायी घर भइ बिचमा सोही वडाको अल्याडीमा ओडारको बास बस्दै आएका भट्ट परिवारका दुइ बालबालिका सहित एक महिलाको उद्धार गरेर रावतकट्टेमा राखिएको र तिनको खानपिन तथा पठनपाठनका लागि पालिकाले खर्च व्यवस्थापन गरेको कुरामा स्थायी समाधानको कुरा जो छ, यसमा गाउँपालिका लागिरहेको छ । ति महिलाको नागरिकता बनाउने र गाउँपालिकामै स्विपरकै भए पनि जागिर व्यवस्थापन गर्ने भन्ने सल्लाहमा छौं । यसको निकास भैहाल्छ ।<br>- घरजग्गाको राजश्व बढी भयो भन्ने प्रसङ्ग पनि उठेको छ । हाल कायम राजश्वलाई १० प्रतिशतसम्म घटाउने गरी पहल गरिनेछ ।<br>- पहुँचका आधारमा, नातागोताका आधारमा बजेट, कार्यक्रम तथा कर्मचारी नियुक्ति रोकिनुपर्ने प्रसङ्ग जहिल्यै आउँछ । तर कहाँनेर त्यस्तो भएको छ ? प्रमाण सहित भनिदिनुपर्‍यो । के भनौं भनेर आरोपका नाममा आरोप आउनुको कुनै अर्थ छैन । बाँकी हामीले गर्नुपर्ने कामहरुमा हामी प्रतिबद्ध छौं । |

**सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझावहरु :**

- स्वास्थ्य र कृषिमा स्थायी कर्मचारी भएर पनि करार कर्मचारीलाई प्रमूखको जिम्मेवारी दिईएकाले समस्या देखिएको हुँदा सुधार हुनुपर्ने ।
- बाल विकासका लागि खेलकुद तथा अन्य सामाग्री सहयोग गर्नुपर्ने ।
- स्वास्थ्य सँस्थामा रहेका उपकरणहरु बेला-बेला बिग्रिने गरेको । तर मर्मतका लागि बजेट अभाव हुँदा समयमै मर्मत गरी सेवा सुचारु गर्न असहज भैरहेको ।
- बाढी, पहिरो, वन डढेलो नियन्त्रण गर्न ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- पानी परीक्षण कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- जोरायल क्षेत्रमा चल्ने सवारी साधनको भाडा र समय मनोमानी भएकाले एकरुपता कायम गरिनुपर्ने ।
- सडक निर्माण गर्दा फिजिबिलिटी अध्ययन बिना निर्माण हुने गरेकोले त्यसमा सुधार हुनुपर्ने ।
- विद्यालयमा वितरित इन्टरनेट सुविधा प्रभावकारी नदेखिएकाले सेवा प्रदायक कम्पनीले नियमित सेवा प्रवाहमा जोड दिनुपर्ने ।
- स्थानीय सरकार र प्रदेश सरकारले वन पैदावार विक्रिमा आ-आफ्नै तरिकाले कर लिने गरेकोले एकरुपता हुनुपर्ने ।

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- केहि कर्मचारीहरु कार्यालयमा नियमित नहुने गरेको र बोलीचाली तथा काम गर्ने शैलीमा सुधार गर्नुपर्ने ।
- पशुपंक्षी विकास कार्यक्रममा बजेट न्यून भएकोले आगामी वर्षमा थप गरिनुपर्ने ।
- पशु बिमा विस्तार गरिनुपर्ने र प्रिमियम बिमा छुट वर्षभरी नै गरिनुपर्ने ।
- कृषक तथा पशुपालक किसानलाई तालिम, भ्रमण र प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।
- प्राङ्गारिक मल तथा स्थानीय जैविक मलको प्रयोगमा जोड दिनुपर्ने ।
- युवा स्वरोजगारमा जोड दिनुपर्ने । कृषि विषय पढेकाहरुलाई स्थानीय स्तरमा परिचालनको वातावरण सिर्जना गरिनुपर्ने ।
- पढाइमा उत्कृष्ट विद्यार्थीहरुलाई गाउँपालिकाबाट छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने ।
- वडा कार्यालयमा चाहिनेभन्दा बढी जनशक्ति भएकाले करार कर्मचारीको व्यवस्थापनका साथै संख्या घटाउनुपर्ने ।
- गाउँपालिकाले निर्माण गरेका नीति, नियम, कार्यविधीहरु प्रभावकारी कार्यान्वयन गरिनुपर्ने ।
- विद्यालयमा दिवा खाजा कार्यक्रमका लागि प्रति विद्यार्थी रु.१५ मात्रै रहेकाले गाउँपालिकाले पनि रु.१५ थप गरी रु.३० पुर्याउनुपर्ने ।
- योजना छनौटमा पारदर्शिता र सबैको सहभागिता बढाउनुपर्ने ।
- शिक्षक तलब मासिक रुपमा प्रदान गरिनुपर्ने र शिक्षकलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनुपर्ने ।
- गाउँपालिकाको प्रत्येक वर्ष बेरुजु देखिने गरेकाले बेरुजु घटाउन रणनीति तयार गरि लागु गर्नुपर्ने ।
- विपन्न वर्गका लागि पोषण योजना र पोषण स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनुपर्ने ।
- सार्वजनिक सुनुवाईमा आएका सुझावहरु कार्यान्वयन गरिनुपर्ने ।
- गाउँपालिका स्तरमा दन्त उपचार सेवा, नाक, कान, घाँटी उपचार केन्द्र स्थापना गरिनुपर्ने ।
- करार कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा मात्रै म्याद थप गरिनुपर्ने र करार कर्मचारीको संख्या घटाउनुपर्ने ।
- उपलब्धी प्रभावकारी नदेखिएका कार्यक्रमहरु कटौती गरिनुपर्ने ।
- करिब ५/६ वर्ष पहिले खोलिएको कार्यालय सहयोगी पदको विज्ञापन अनुसार हालसम्म पनि पदपूर्ति नहुनुको कारण खुलाउनुपर्ने र आवेदनकर्तालाई आवेदन शुल्क फिर्ता गरिनुपर्ने ।
- गाउँपालिका क्षेत्रभित्र विद्युतीकरण हुन बाँकी क्षेत्रमा विद्युत विस्तार र केन्द्रिय प्रसारण लाइन जोडिनु पर्ने ।
- विद्यालयमा गाउँपालिकाको अनुदान बढाउनुपर्ने ।
- स्वास्थ्य संस्था, कृषि, पशु सेवा लगाएत क्षेत्रमा औषधी, यन्त्र उपकरण, बिउँबिजन आदिका लागि बजेट बृद्धि गरिनुपर्ने ।
- योजनाहरुको रकमान्तरण रोकिनुपर्ने र प्राविधिक स्टमेट अनुसार मात्रै योजना कार्यान्वयन हुनुपर्ने ।
- विभिन्न दिवस तथा अभियानहरु साँस्कृतिक कार्यक्रममा मात्रै सिमित हुने गरेकाले ठोस कार्यक्रम गरिनुपर्ने ।
- पहुँचका आधारमा, नातागोताका आधारमा बजेट, कार्यक्रम तथा कर्मचारी नियुक्ति रोकिनुपर्ने ।
- उत्कृष्ट किसानलाई र कर्मचारीलाई सम्मान गरिनुपर्ने ।
- एसइइ दिएर बसेका विद्यार्थीहरुलाई ब्रिज कोर्स तथा कम्प्यूटर तालिममा सहयोग गर्नुपर्ने ।

पश्चिम नेपालको अनलाइन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

- व्यवसायिक कृषि फर्मलाई कृषि औजार सहयोग गर्नुपर्ने ।
- नदिजन्य सामाग्री जथाभावी उत्खनन रोकिनुपर्ने र करको दायरामा ल्याउनुपर्ने ।
- गाउँपालिकाको आम्दानीका सम्भावित श्रोत पहिचान गरी करको दायरा बढाउनुपर्ने ।
- सरस्वतीनगर प्राथमिक स्वाथ्यकेन्द्र भवन निर्माणका लागि दिईएको पेश्कि फिर्ता र सम्झौता रद्द गरी तत्काल भवन निर्माणका लागि पहल गरिनुपर्ने ।
- जोरायल क्षेत्रमा इन्टरनेट, टेलिकम, विद्युत सेवा प्रभावकारितामा जोड दिनुपर्ने ।
- सम्पूर्ण सार्वजनिक कार्यालयमा नागरिक बडापत्र अनिवार्य राखिनुपर्ने ।
- वैदेशिक रोजगारमा जानेहरुका लागि परामर्श सेवा प्रदान गरिनुपर्ने ।
- ओडारको बासबाट उद्धार गरी ल्याईएका बालबालिका सहित उनको परिवारको समस्या स्थायी समाधानका लागि पहल गरिनुपर्ने ।
- सडक निर्माण गर्दा प्राविधिकको प्रत्यक्ष निगरानीमा गरिनुपर्ने । उदारोमा योजना कार्यान्वयन रोखिनुपर्ने ।
- जग्गा खरिद बिक्रि गर्दा लिईने राजश्वमा पुनर्विचार गरिनुपर्ने ।
- हरेक अनुगमनका राय सुझावहरु कार्यान्वयनमा जोड दिनुपर्ने ।

**अघिल्लो सार्वजनिक सुनुवाईमा आएका सुझाव कार्यान्वयनको अवस्था :**

| प्राप्त सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|
| गाउँपालिका क्षेत्रभित्र विद्युतीकरण हुन बाँकी क्षेत्रमा विद्युत विस्तार र केन्द्रिय प्रसारण लाइन जोडिनु पर्ने । | भैरहेको |
| सडक सरसफाई तथा स्तरोन्नती गुणस्तरीय हुनुपर्ने । | भैरहेको |
| कृषक परिचयपत्र र कृषक वर्गीकरण गरीनुपर्ने । | भैरहेको |
| गौशाला व्यस्थापनमा आवश्यक औषधी, कामदारको व्यवस्था एवं पशु अधिकारका विषयमा ध्यान दिनुपर्ने । | भैरहेको |
| शिक्षातर्फ भौतिक पुर्वाधारमा थप लगानी र दरवन्दी कायम गनुपर्ने । | भैरहेको |
| विद्यालयमा वितरण गरेका वाइफाइ नेट संचालनमा ल्याउन भएको कठिनाइलाई सहजिकरण गर्नुपर्ने । | भैरहेको |
| प्राकृतिक प्रकोपबाट प्रभावितलाई उचित राहातको व्यवस्था गर्नुपर्ने । | भैरहेको |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| स्वास्थ्य संस्थामा टेन्डर प्रक्रियावाट औषधि खरिद र आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्ने । | भैरहेको |
| गाउँपालिका क्षेत्रभित्र मोबाइल फोन नेटवर्क सुधार र इन्टरनेट सुविधा प्रभावकारी बनाउन पहल गर्नुपर्ने । | भैरहेको |
| कृषि क्षेत्रमा हुने वन्यजन्तुहरु बाँदर, बँदेल आतंक नियन्त्रण र क्षेतिपुर्तिको व्यवस्था हुनुपर्ने । | भैरहेको |
| विद्युत महशुल भुक्तानीको लागी जोरायलमै काउन्टर स्थापना गर्न पहल गनुपर्ने । | हुन नसकेको |
| जोरायल गाउँपालिकाको वडा नं. ६ को उमरा गाउँलाई स्वास्थ्य सेवासँग जोड्न आवश्यक पहल गर्नुपर्ने । | सेवा प्रदान गरिदै आएको |
| खुटिया दिपायल फास्ट ट्रयाकको जोरायल गाउँपालिका क्षेत्रभित्रको काम रोकिएकाले काम सुचारुको लागी पहल गर्नुपर्ने । | भैरहेको |
| वडा नं. ५ र ६ मा विकासका पुर्वाधार निर्माणमा विशेष प्राथमिकता दिनुपर्ने । | भैरहेको |
| लक्षित वर्गको कार्यक्रम सोहि वर्गको लागी खर्च गरिनुपर्ने । | भैरहेको |
| गाउँपालिकाले निर्धारण गरेको जग्गाको मुल्याङकन रकम जिल्लाको सबैभन्दा बढि देखिएकाले आवश्यक हेरफेर हुनुपर्ने । | पहल गरिने |
| कृषि र भेटेरीनरी सम्बन्धी कर्मचारीलाई नियमित फिल्डमा पनि पठाईनुपर्ने । | भैरहेको |
| कार्यालयको प्रशासनिक कामकाज नियमित र व्यवस्थित गर्नुपर्ने । | नियमित रहेको |
| मालपोत लगायत पालिकाले तोकेका करमा सहुलियत सहित सुधार हुनुपर्ने । | तोकिए बमोजिम भैरहेको |
| कृषि उत्पादनको बजारीकरणमा जोड दिनुपर्ने । | भैरहेको |
| कृषकहरुलाई बिउँबिजनका लागि सहयोग गर्नुपर्ने । | भैरहेको |

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| गाउँपालिकाका सूचनाहरु आम जनतासम्म पुर्‍याउन जोड दिनुपर्ने । | निरन्तर भैरहेको |
| योजना निर्माण गर्दा राजनीतिक दलहरुसँग पनि राय लिनुपर्ने । | आगामी दिनमा सुझाव कार्यान्वयन गरिने |
| उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीलाई कार्य सम्पादन र पारदर्शिता विषयमा थप तालिम दिनुपर्ने । | दिईंदै आएको |
| करार कर्मचारीको दरवन्दि आवश्यकताको आधारमा मात्र राख्ने । | आवश्यकताका आधारमा राखिएको |

**अन्त्यमा,**

जोरायल गाउँपालिकाले सुशासन, पारदर्शिता, जवाफदेहिताका साथै रचनात्मक सुझाव सहितको मार्गदर्शन र आगामी कार्ययोजना निर्माण तथा कार्यान्वयनका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता औजारको निरन्तर प्रयोग गर्दै आएको पाइएको छ । जस अनुसार जोरायल गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । जोरायल गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यविधी बमोजिम नियमित र यस पटक फरक स्थानमा कार्यक्रम सम्पन्न गर्नु सकारात्मक प्रयास हो । यद्यपी कार्यक्रममा वडा नं. ४ र ५ का वडा अध्यक्ष बाहेक वडा नं. १, २, ३ र ६ का वडा अध्यक्षहरुको सहभागिता नदेखिएकाले सबैको सहभागि हुन सके थप प्रभावकारी हुन्छ । साथै गाउँपालिकाभित्र कार्यरत संघसँस्थालाई पनि सार्वजनिक सुनुवाइ कार्यक्रममा अनिवार्य सहभागि गराउन जरुरी छ । यसैगरी योजना तथा बजेट कार्यान्वयनका सन्दर्भमा सार्वजनिक सुनुवाईमार्फत महत्वपूर्ण सुझावहरु पनि आएका छन् । ति सुझावहरुको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको नै हो । जनताका स्वभाविक गुनासाहरु सम्बोधन गर्न सके सुशासन कायम राख्न सकिन्छ भने आगामी दिनका लागि गुनासा न्यूनिकरण गर्न सकिन्छ ।

दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्न यस सुदूर खबर अनलाइन मिडिया प्रा.लि. अत्तरिया, कैलालीलाई अवसर प्रदान गरेकोमा जोरायल गाउँपालिकाप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै कार्यक्रमलाई सजिलो बनाउनमा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा, उपाध्यक्ष जमुना बोहरा, प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त भट्ट, वडा वडाध्यक्षहरु, अन्य जनप्रतिनिधिहरु, शाखा प्रमुखहरु, कर्मचारीहरु र सम्पूर्ण सहभागि महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै निरन्तर सहकार्य र सहयोगको पनि अपेक्षा गर्दछौं ।

.....................
रामहरि ओझा
(प्रतिवेदक/सम्पादक)
सुदूर खबर अनलाइन मिडिया प्रा.लि.
अत्तरिया, कैलाली

पश्चिम नेपालको अनलाईन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

जोरायल गाउँपालिका डोटीको आ.व.२०८१/०८२ द्वोश्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम फोटोहरु :




कार्यक्रममा भनाई राख्नुहुँदै जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गादत्त ओझा



सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागिहरु ।

पश्चिम नेपालको अनलाइन मिडिया
Sudurkhabar
www.sudurkhabar.com

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३



सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागिहरु ।



सार्वजनिक सुनुवाइ कार्यक्रम सहजिकरण गर्दै पत्रकार तथा सहजकर्ता रामहरि ओझा ।

कार्यक्रमबारे अनलाइनमा प्रकाशित समाचार लिङ्कहरु :

१) https://athotkhabar.com/archives/3958?

२) https://najaronline.com/6062/

३) https://www.nepalpress.com/2025/04/09/581331/

पश्चिम नेपालको अनलाइन मिडिया
Sudurkhabar
www.sudurkhabar.com